नेपाल सरकार

# अर्थ मन्त्रालयको

# सूचना

मिति २०७२।०१।१२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनबाट पीडित आमजनसमुदायलाई राहत प्रदान गर्न विदेशबाट आयात हुने राहत सामग्रीहरुमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।०१।१२ को निर्णय र मिति २०७२।०२।२२ मा स्वीकृत "दैवीप्रकोप उद्दार तथा राहत सामग्रीको आयातमा लाग्ने राजस्व छुट सम्बन्धी कार्यविधि, २०७२" अनुसार राजस्व छूट गरिदै आएको व्यहोरा सम्बन्धित सबैलाई विदितै छ ।

नेपाल सरकारको सम्बन्धित समितिबाट सूचिकृत त्यस्ता राहत सामग्री मिति २०७२।०२।२० गते भन्दापूर्व विदेशबाट चलान भई भन्सार कार्यालयमा आउन बाँकी रहेका भएमा माथि उल्लेखित कार्यविधि अनुसार २०७२ आषाढ ७ गतेभित्र भन्सार कार्यालयमा आइपुगेमा पनि त्यस्ता सामग्रीहरुमा राजस्व छूट हुने व्यवस्था गरिएको छ ।

तर २०७२ आषाढ ७ गतेपछि कुनै पनि प्रकारका राहत सामग्रीहरु स्वीकार नगरिने हुँदा महशुल छुट नहुने भनी दैवीप्रकोप उद्दार तथा राहत सामग्रीको आयातमा लाग्ने राजस्व छूट सम्बन्धी कार्यविधि, २०७२ को दफा ४(२) अनुसारको समितिको मिति २०७२।०२।२७ गते बसेको बैठकले निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।